१३औं नगरसभाको बैठकमा मिति २०८३/०३/०८ गतेका दिन ईशनाथ नगरपालिकाका नगर उप-प्रमुख श्री मो. परवेज ज्यूले प्रस्तुत गर्नुभएको

# आ.व. २०८३/०८४ को बजेट वक्तव्य

## ईशनाथ नगरपालिका

**औरैया, रौतहट**

**मधेश प्रदेश**

**नेपाल**

# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/२०८४ को बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

**ईशनाथ नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य नगर सभामा पेश गर्न अनुमति चाहन्छु।**

यस ईशनाथ नगरपालिकाको गरिमामय १३औं नगर सभाका सभाअध्यक्ष ज्यू,

नगर सभा सदस्य ज्यूह रु,

प्रमुख अतिथि ज्यू

विशिष्ट अतिथि ज्यू लगायत यहाँ उपस्थित भएका सम्पूर्ण अतिथिगण, कर्मचारी साथी, सुरक्षा कर्मी साथी तथा सञ्चाचर कर्मी साथीहरु

राष्ट्रको महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुर्‍याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुर्‍याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै यस १३औं नगरसभामा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु । उपस्थित आमन्त्रित अतिथि गणहरू, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण नगरबासी आमा, बुवा, दाजु, भाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु ।

भौगोलिक विकटता र विविधता दुवैले चिनिने गरिबी, अभाव अशिक्षा र प्राकृतिक प्रकोप जस्ता थुप्रै समस्याहरुबाट ग्रसित रौतहट जिल्लाको ईशनाथ नगरपालिका हो । राज्यको सिमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानीय सरकार प्राप्तिको अनुभूति नागरिकलाई गराउनु नै ईशनाथ नगरपालिकाको प्रमुख जिम्मेवारी हो ।

**सभा अध्यक्ष महोदय,**

ईशनाथ नगरपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. बन्जरहा, औरैया, मठिया, जोकहा, जटहारा र डुमरीया लाई मिलाएर बनेको यस नगरपालिकाको कुल क्षेत्रफल ३५.१७ वर्ग कि.मी. रहेको र ९ वटा वडामा २०८२ मा भएको जनगणनाको तथ्यांक अनुसार ६२८९ घरधुरी र कूल जनसंख्या ५३,४०२ रहेकोमा हालको सन्दर्भमा सो संख्यामा वृद्धि भई नगरपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा वृद्धि हुँदै गएको छ । राज्यको पुर्नसंरचनाका क्रममा ईशनाथ नगरपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरूप आवश्यक संरचना निर्माण गर्ने चुनौती हाम्रा बीचमा रहेको छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका

लागि सबै सरोकारवालाहरुले यसमा ध्यान पुर्‍याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आकर्षण गराउन चाहान्छु ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम नगरपालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका उपरोक्त योजनाहरुको समिक्षा, विश्लेषण र नयाँ मागलाई सम्बोधन गरी नयाँ योजनाको तर्जुमा गर्न आवश्यक भएको छ र सो का लागि नगरपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा स-गर्व निवेदन गर्न चाहान्छु ।

**सभा अध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि विगतको सामन्ती केन्द्रिकृत राज्य सयन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्फुर्तरुपमा जागृत भएको छ । राजनैतिक जागरणको साथ साथै जनताका इच्छा, आकांक्षा र चाहानाहरु पनि निरन्तर रुपमा उर्लदै गईरहेका छन । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी ईशनाथ नगरपालिकाको तर्फबाट नगरपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध नगरपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धैरे आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र ईशनाथ नगरपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

**सडक तर्फ**

आर्थिक वर्ष २०८२/०८३ को बिनियोजित रकम बाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरू भएका छन् । जसमा सडक तर्फ ९ वटै वडाहरूमा साना ठूला गरी पि.सि.सि. तथा आर.सि.सि. रोड करिब ३ कि.मी. सडक निर्माण तथा सडक मर्मत र ग्रेवल सडक तथा माटो सडक ४ कि.मी. कार्य सम्पन्न गरिएको छ ।

**खानेपानी तर्फ**

ईशनाथ न.पा. का ९ वटै वडाहरूमा कुल १४५ वटा खानेपानी डिप कल जडान कार्य सम्पन्न गरी खानेपानीको समस्या हल गरिएको छ । साथै ईशनाथ न.पा. को वडा नं. ५, ९ गरी ४ वटा र हाल सञ्चालनमा रहेका ६

वटा डिप बोरिङ्ग खानेपानी योजना लगायत पिउने पानीको समस्या भएका क्षेत्रहरूको लागि खानेपानीको काम सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ ।

**शिक्षा, युवा तथा खेलकुद तर्फ**

प्रत्येक विद्यालयमा बालविकास शिक्षक कोटा कायम गर्ने निति अनुरूप बालविकास केन्द्र शिक्षक नभएका विद्यालय हरूमा बाल विकासका शिक्षकको व्यवस्था गरियो । अंग्रेजी, गणित र विज्ञान शिक्षकहरुको अभाव भएका विद्यालयहरुमा शिक्षक अनुदानको व्यवस्था गरिएको छ । १-१२ कक्षा संचालित सबै विद्यालयहरूमा दलित छात्रवृत्तिको व्यवस्था गरिएको छ भने कक्षा ६-१२ संचालित केही विद्यालयहरूमा कम्प्युटर तथा विज्ञान सामग्री खरिदको लागि अनुदान रकम को व्यवस्था गरिएको छ । २१ वटा विद्यालयका इन्टरनेट जडान कार्य सम्पन्न गरिएको छ । ४ वटा विद्यालयहरुमा आईसीटी, विज्ञान प्रयोगशाला र २ वटा विद्यालयमा पुस्तकालयको व्यवस्था गरिएको छ ।

**स्वास्थ्य तर्फ**

ईशनाथ नगरपालिकाका जनताको सुलभ स्वास्थ्य सेवाका लागि डुमरीया स्वास्थ्य चौकीमा डिजिटल एक्सरे सेवा सुचारू गरिएको छ । साथै दिर्घरोगी हरूको सहयोगको लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।
नगरपालिकामा २ वटा एम्बुलेन्सको व्यवस्था गरी बिरामी ओसारपसार गर्ने व्यवस्था मिलाइएको छ । जटिल प्रकृतिको रोग लागेमा १ लाख सम्म छुट हुने व्यवस्थाको लागि सिफारिस गरिएको छ । यस नगरपालिकाको स्वास्थ्य चौकी डुमरीया तथा स्वास्थ्य चौकी औंरैयामा सुविधा सम्पन्न प्रसूति गृहको व्यवस्था गरिएको छ ।

**रोजगार तर्फ**

राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमबाट चालु आ.व.मा वडा नं. १ मा नाला निर्माण कार्यमा लागत साजेदारी गरी २० दिन बराबर र १० जनालाई रोजगारी प्रदान गरियो । राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमबाट यस नगरपालिकाका वैदेशिक रोजगारीका लागी बाहिर जाने कामदारहरूको श्रम स्वीकृति यस पालिकाबाट हुने गरिएको सुविधा सुचारु गरी सेवा प्रदान गरिएको छ । वैदेशिक रोजगारीबाट फिर्ता भएका व्यक्तिहरूलाई उद्यमशिल्ता सम्बन्धी तालिम प्रदान गरिएको छ ।

**महिला बालबालिका शाखा तर्फ**

चालू आर्थिक वर्षमा मात्र जम्मा ५४ जना अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ । महिला बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन गरी अभिलेखीकरण गरिएको छ । लैंगिक हिंसा सम्बन्धमा १६ दिने अभियान यही ईशनाथ नगरपालिका वडा नं. ४ मा श्री माध्यामिक विद्यालय मठियामा सम्पन्न गरिएको छ ।

**कृषि तथा पशु तर्फ**

सुनौलो हजार दिन अन्तर्गत आमा समुहहरुलाई स्वचछ पोषण खाना सेवनका लागि विषादी रहित तरकारी उत्पादन तालिम सञ्चालन तथा कृषि सामाग्री वितरण गरिएको । दलित महिलाहरुलाई व्यवसाय सञ्चालन गर्न २५ जना महिलालाई २५ हजारका दरले अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको छ । पशुपालक कृषकहरूको मागलाई मध्यनजर गरी पशु पक्षी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत औषधी खरिद गरी सेवा

केन्द्रबाट कृषकहरुलाई उपलब्ध गराइयो, विषाधी सचेतना कार्यक्रम अन्तर्गत कृषकहरुलाई अभिमुखिकरण गराईएको छ । सुनौलो हजार दिन अन्तर्गत आमा समुहहरुलाई दूध, फुल मासुमा आत्मनिर्भरका हुन पशु पालनकालागि तालिम सञ्चालन तथा औषधि वितरण कार्यक्रम सम्पन्न गराइएको छ ।

**न्यायिक समिति तर्फ**

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिमा जम्मा १३ वटा उजुरी परेकोमा भने ५ वटा मिलापत्र गरियो भने ८ वटालाई मुल्तवीमा राखिएको छ । न्यायिक समितिमा आर्थिक वर्ष २०८२/०८३ मा फिरादपत्र दर्ता र नापजाँचमा हालसम्म जम्मा रु. ८६ हजार ९ सय राजश्व संकलन भएको छ । ईशनाथ नगरपालिकाको न्यायिक समितिको पहिलो कार्यकालको समीक्षा, न्यायिक समितिको न्याय सम्पादन सम्बन्धी अध्ययन तथा अवलोकन, वडा स्तरीय मेलमिलापकर्ता गठन तथा न्याय सम्पादन अन्तक्रिया लगायतका क्रियाकलापहरु सञ्चालन गरियो ।

**संस्थागत सेवा प्रवाह तथा सुशासन तर्फ**

यस नगरपालिका अन्तर्गत रहेका संस्थाहरुमा नगरपालिका कार्यालय, ९ वडा कार्यालय, ९ वडा स्वास्थ्य संस्था, २ वडा प्रसूति गृह तथा २१ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । यस नगरपालिका कार्यालयबाट प्रदान गरिने सेवामा विद्युतकी प्रणालीमा वृद्धि गरिएको छ जस्तै : राजस्व संकलनमा QR को माध्यमबाट कर चुक्ता हुने व्यवस्था नेपाल सरकारको परिकल्पना अनुसार सुचारु गरिएको छ, भुक्तानी प्रकृयामा EFT को पुर्णरुपमा पालना गरिएको छ, गुनासो तथा सोध पुछका लागी Online प्रविधिको प्रयोग गरिएको छ, नगरपालिका कार्यालय तथा मातहतका सम्पूर्ण कार्यालयहरुमा कार्यरत कर्मचारीमा अनुशासन तथा समय पालनाका लागी विद्युयुतिय हाजिरीको व्यवस्था गरिएको छ । वडा कार्यालयबाट प्रदान हुने सेवा सुविधिमा विधुतिय प्रणालीमा जोड दिइएको छ । स्वास्थ्य सेवामा पहुँच तथा औषधि उपचारको व्यवस्थापनमा सुधार गरिएको छ । विद्यालयहरुमा नियमित अनुगमन गरी पठपाठनमा सुधार ल्याइएको छ । विद्यार्थी भर्ना दर पहिलाको अवस्था मध्ये चालु आ.व.मा वृद्धि गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस नगरपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चुनौतीहरू यस प्रकार उल्लेख गर्न चाहन्छु ।

- सीमित बजेट तथा स्रोत साधनबाट जनताका असिमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सीमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।
- विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चूनौतिपूर्ण छ ।
- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्यको सुक्ष्म सुपरीवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिंग हुने गरेका छन्, नगरपालिकाभित्र संचालनमा

रहेका आयोजनाहरुको प्रभावकारी अनुगमन, नियमन एवं मूल्यांकन हुन नसक्दा निर्मित संरचनाको गुणस्तरीयतामा प्रश्नचिन्ह खडा भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानित सभा समक्ष आ.व. ०८३/८४ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) स्वास्थ्य संस्थाको सुदृढीकरण, सर्व सुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

२) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्धन गर्नु ।

३) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासँग जोडिएका पूर्वाधार संरचनाको विकास गर्नु ।

४) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाइलाई प्राथमिकताका साथ परिपूर्ति गर्नु ।

५) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।

६) सडक, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढीकरण विकास गर्ने ।

७) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउने । ८) शैक्षिक गुणस्तर सुधारका लागि प्राविधिकको प्रयोग र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

९) स्वच्छ पिउने पानी तथा सरसफाइमा नगरबासीको पहुँचमा वृद्धि गर्ने ।

१०) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिक करण, व्यवसायी करण र विविधीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

११) कृषि तथा पशुपालन पेशा व्यवसायीक रोजगार तर्फ उन्मुख गर्ने, ।

१२) ईशनाथको शैक्षिक पर्यटनको गन्तव्य बन्ने आधार तयार गर्ने, ।

१३) स्थानीय लोक, कला संस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु ।

१४) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्ने ।

१५) आधारभुत स्वास्थ्य सेवाको गुणस्तरमा स्तर वृद्धि र सुलभता ल्याउनु ।

१६) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्ने ।

१७) विपद् जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्ने ।

१८) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजाने ।

१९) प्रत्येक वडामा वृक्षारोपण र संरक्षणको अभियान संञ्चालन गर्नु ।

२०) उद्यम व्यवसाय विकासमा महिलाहरूको अर्थ पुर्ण सहभागितामा वृद्धि गरी आय आर्जनमा क्रियाशिल गराउनु

२१) फोहोर ब्यबस्थापनमा वैज्ञानिक ब्यबस्थापनको शुरुवात गर्नु ।

२२) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।

- आर्थिक विकास र गरिवी निवारणका प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान,
- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा वृद्धि, मानव संशाधन विकास ।
- सार्वजकि प्रशासन र सेवा प्रवाहमा सुधार ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्वास्थ्य सेवा र पोषण तर्फ**

- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा जिल्लाभित्रका अस्पतालसम्म पुर्‍याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्था मिलाएको छु ।
- औरैया र डुमरीया प्रसूति गृहमा गर्भवती चेक जाँचका लागी प्रतेयेक महिना एक पटक चिकित्सक तथा भिडियो एकसरे सहितको लागी आवश्यक बजेटको व्यवस्था गरेको छू ।
- ईशनाथ न.पा.का ९ वटै स्वास्थ्य संस्थामा मोबाइल टोलीबाट Portable USG को माध्यले गर्भवती महिलाका चेक जाँच गर्ने व्यवस्था मिलाएको छु ।
- महिला स्वास्थ्य सव्यंम सेविकाका लागी २५ लाख ९२ हजार बजेट बिनियोजन गरेको छु ।
- डुमरीया प्रसूति गृहमा Placenta Pit सहित फोहर मैला व्यवस्थापन सेटका लागी आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद लगायतको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गर्न रु. ४ करोड ४९ लाख विनियोजन गरेको छु ।

शिक्षा, युवा तथा खेलकूद तर्फ

- ईशनाथ नगरपालिका ७ स्थित रहेको बि.पि.को.मा.वि घिउरामा भवन निर्माणका लागी रु. १ करोड ८० लाख विनियोजन गरिएको छ ।
- स्वीकृत गुरु योजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि रु. ५६ लाख विनियोजन गरिएको छ ।
- विद्यालयहरुमा सूचना प्रविधि मैत्रीबाट शैक्षिक सुधारका लागी Smart Board जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्यूटर प्रयोगशाला स्थापनाको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत शिक्षकको व्यवस्थापन गर्नको निम्ति नगर स्वयम् सेवक शिक्षक लाई निरन्तरता दिइने छ र सो को लागि २६ लाख ६४ हजार बजेट विनियोजन गरिएको छु ।
- ईशनाथ नगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध स्थान र समुदायका जातीय तथा संस्कृत पहिचानहरूको बोध गराउन सामुदायिकहरुमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरुका लागि अवलोकन भ्रमणका लागि बजेटको व्यवस्था गरेको छु ।

कृषि तथा पशुसेवा तर्फ

- कृषि सिँचाइका लागि नगर भरी पोल तार तथा ट्रान्सफर्मरको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि तथा पोषण सम्बन्धी विभिन्न कार्यक्रमका लागी साना सिँचाइका लागि रकम रु. ४९ लाख बजेट विनियोजन गरिएको छ ।
- पशुसेवा शाखा मार्फत नगरपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन वृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डाले घाँस प्रवर्द्धन र घाँस खेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

पूर्वाधार विकास तथा सडक निर्माण तर्फ

- ईशनाथ नगरपालिकामा कृषि सडक विस्तार र स्तरोन्नति कार्यलाई मध्यनजर गरी न.पा. भरी रहेका सडक निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ईशनाथ नगरपालिकाको पूर्वाधार विकास तर्फ कुल बजेटको १२ करोड १५ लाख बजेट विनियोजन गरिएको छु ।

न्यायिक समिति तर्फ

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिवृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

**लक्षित वर्ग (महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक तथा शहिद परिवार) तर्फ**

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धन, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैंगिक अल्पसंख्यकको अधिकार सुनिश्चितताका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि रु. १३ लाख विनियोजन गरेको छु ।
- विपन्न महिलाहरुको आयआर्जन बृद्धिका लागि कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।
- लक्षित वर्गका उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फ**

- ईशनाथ नगरपालिकामा निर्माणाधीन रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- ईशनाथ नगरपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि आवश्यक व्यवस्था गरेको छु ।

**सूचना तथा सञ्चार**

- ईशनाथ नगरपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ । नियमित पत्रकारहरुसँग भेटघाट र अन्तक्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । पालिका अन्तर्गत रहेका सम्पूर्ण कार्यालय तथा संस्थाहरुको डाटा व्यवस्थापनका लागि पालिकामा Data Center का लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

यी विषयगत क्षेत्रमा छुटेका अन्य थप क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । संघीय सरकार र प्रदेश सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ । बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि **रु. ५२ करोड ३० लाख ७० हजार** विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ **रु. ३२ करोड ८ लाख ८० हजार** अर्थात ६१.३४ **प्रतिशत** र पुँजीगततर्फ **रु. २० करोड २१ लाख ९० हजार** अर्थात ३८.६६ **प्रतिशत** रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्येः

| क्र.सं. | स्रोत | बजेट शीर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार | संघ राजस्व बाँडफाँट | ११,३२,२३,००० | चालू |
| २. | नेपाल सरकार | संघ समानिकरण अनुदान | १२,१५,००,००० | पुँजीगत |
| ३. | नेपाल सरकार | संघ समपूरक अनुदान | ६५,००,००० | पुँजीगत |
| ४. | नेपाल सरकार | संघ सर्शत अनुदान | १७,२०,००,००० | चालू |
| ५. | नेपाल सरकार | संघ सर्शत अनुदान | ५६,००,००० | पुँजीगत |
| ६. | नेपाल सरकार | संघ विशेष अनुदान | १,८०,००,००० | पुँजीगत |
| ७. | प्रदेश सरकार | प्रदेश राजस्व बाँडफाँट | ५८,३०,००० | चालू |
| ८. | प्रदेश सरकार | प्रदेश समानिकरण अनुदान | ८३,२१,००० | पुँजीगत |
| ९. | प्रदेश सरकार | प्रदेश सर्शत अनुदान | २०,००,००० | पुँजीगत |
| १०. | प्रदेश सरकार | प्रदेश विशेष अनुदान | ३०,००,००० | पुँजीगत |
| ११. | प्रदेश सरकार | प्रदेश समपुरक अनुदान | ३०,००,००० | पुँजीगत |
| १२. | सडक बोर्ड | सडक बोर्ड नेपाल | ३६,००,००० | पुँजीगत |
| १३. | स्थानीय तह | स्थानीय राजस्व बाडफाड | ५८,५६,००० | पुँजीगत |
| १४. | आन्तरीक | आन्तरिक आय (बैंक मौज्दात, घर जग्गा रजिस्ट्रेसन शुल्क, धरौटी तथा अन्य समेत) | ५,४६,४०,००० | चालू/पुँजीगत |
| | | **जम्मा :** | ५२,३०,७०,००० | |

- आर्थिक वर्ष २०८२/०८३ मा खर्च नभई बचत हुने रकमः रु. १ करोड ५५लाख ४५ हजार प्रक्षेपण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/०८४ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ ।

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजश्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ ।
- वडा र नगरपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने । कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराउने ।

**अध्यक्ष महोदय,**

बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**